आज मिति २०८१ साल श्रावण ०७ गते सोमवारका दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको पहिलो वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | आमन्त्रित उपस्थिति | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | अर्जुन प्रसाद पौडेल | | लेखा अधिकृत |

आर्थिक वर्ष २०८१/०८२ को प्रथम नगर कार्यपालिका बैठकको एजेन्डा तथा निर्णयहरु (२०८१/०४/०७)

१. विपद व्यवस्थापन सम्बन्धमा
२. घाट ठेक्का तथा IEE सम्बन्धमा,
३. जिल्ला र स्थानीय दररेट सम्वन्धमा,
४. प्लटिङ कार्यविधि, २०८१ सम्बन्धमा,
५. निजि जग्गा व्यवस्थापन कार्यविधि, २०७९ सम्बन्धमा,
६. विविध

निर्णय नं. १

भिमाद नगरपालिकामा मिति २०८१/०३/२१ गते रातीबाट आएका अविरल वर्षाका कारण गएको वाढी पहिरोले पुऱ्याएको क्षतीका सम्बन्धमा वडागत छलफल गरिनुको साथै हाल सम्म वितरण गरिएको राहत रकमका वारेमा जानकारी भयो ।

निर्णय नं.२

भिमाद नगरपालिका वडा नं. ७ स्थित सेती नदी किनाराको सिस्नेरी घाट र वडा नं. ८ स्थित क्याङ्दी खोला किनारको क्याङ्दी नदी दोभान घाटको नदीजन्य पदार्थ उत्खनन तथा विक्री वितरण गर्न गत आ.व.मा स्वीकृत IEE का आधारमा IEE प्रतिवेदन अनुसारको परिमाणमा नवढने गरी उक्त घाटहरुको नदीजन्य पदार्थहरु ठेक्का लगाउनका लागि प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ३

भिमाद नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थ रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, चुनढुङ्गा, बालुवा दहत्तर बहत्तरको सङ्कलन शुल्क सङ्कलनका लागि साविकदेखि पहिचान भै टेण्डर लगाउँदै आएको घाटहरुवाट अवैधरुपमा चोरी निकासी हुने सम्भावना भएको हुँदा उक्त कार्य हुन नदिई सोको संरक्षण समेत गर्नुपर्ने भएकोले घाटहरुको संरक्षणको लागि आवश्यक व्यवस्था गरी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को लागि तत्कालै प्रक्रिया अगाडि बढाउने र सो को लागि कार्यक्षेत्रगत शर्त (Terms of Refernce) स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ४

जिल्ला दररेट निर्धारण समिति, तनहुँबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत दररेटलाई यस नगरपालिकाको भौगोलिक विकटता र सामग्रीको उपलब्धता एवं वर्तमान स्थितिलाई समेत मध्यनजर गरी सामान्य परिमार्जन सहित अनुमोदन गर्ने र जिल्ला दररेटमा विस्तृत रुपमा उल्लेख नभएका सामग्रीको दररेटको लागि नगरपालिकाका प्राविधिकबाट तयार गरी प्रस्ताव गरिएको नगर दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.५

व्यवस्थित शहरीकरणको अवधारणलाई कार्यान्वयन गर्न, व्यवस्थित वस्ती विकास गर्न, अव्यवस्थित शहरीकरणलाई न्यूनीकरण गर्दै राजश्वको दायरा वृद्धि गरी आन्तरिक स्रोत परिचालन गर्नको लागि पेस भएको प्लटिङ्ग सम्बन्धी कार्यविधि २०८१ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

निजि जग्गाहरुलाई आवास, कृषि वा गैर कृषि, व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन् हुने ढुङ्गा, गिट्टी, वालुवा, माटो, संकलन तथा ढुवानी कार्यलाई व्यवस्थित गर्न तर्जुमा गरिएको निजि जग्गामा ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि उत्खनन् सम्बन्धी कार्यविधि, २०७९ लाई समानुकूल संशोधन गर्न आवश्यक देखिएकोले उक्त कार्यविधि संशोधन गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.७

भिमाद नगरपालिका वडा नं. १ को कार्यालयको भवन तला थपि सकिएकोमा उक्त वडामा कार्यरत एकजना कार्यालय सहयोगीले वडाको दैनिक प्रशासनिक लगायतका कार्यमा वडा सचिव र वडा अध्यक्षलाई कामकाजमा सहयोग गर्नुपर्ने भएकोले शौचालय तथा वडा कार्यालयको दैनिक सरसफाई गर्न मौजुदा जनशक्तिले नभ्याउने भएकोले एकजना सरसफाईकर्मीको व्यवस्था गरिदिन वडा कार्यालयवाट अनुरोध भै आएकोले उक्त वडामा आ.व.२०८१/०८२ को स्वीकृत नगर विकास योजनाको कार्यालय सरसफाईको लागि ज्यालादारीमा राखिने कर्मचारीको पारिश्रमिक शिर्षकवाट भूक्तानी गर्ने गरी दैनिक विहान र वेलुका जम्मा ३ घण्टा कार्य गर्न ज्यालादारीमा एकजना सरसफाईकर्मी भर्ना गर्ने प्रकृया अगाडि वढाउने निर्णय गरियो ।